# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

तौलिहवा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७९/८०
चलानी नं.

मितिः २०७९/०४/२२

**सेवा करारमा कर्मचारी पदपूर्ती सम्बन्धी सूचना ।**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०४/२२)

यस कपिलवस्तु नगरपालिकाको रोजगार सेवा केन्द्रमा रोजगार संयोजक र सुरक्षित आप्रवासन परियोजनाको लागि कार्यक्रम संयोजक र रिटर्नी स्वयंसेवक (आंशिक) पदमा खुला प्रतिस्पर्धाको माध्यमबाट करार सेवामा पदपूर्तीका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित यस नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९/०८० | रोजगार संयोजक (रोजगार सेवा केन्द्र) | स्थानीय छैठौं | १ (एक) |
| २ | २/२०७९/०८० | कार्यक्रम संयोजक (सुरक्षित आप्रवासन परियोजना) | | १ (एक) |
| ३ | ३/२०७९/०८० | रिटर्नी स्वयंसेवक (सुरक्षित आप्रवासन परियोजना) | आंशिक | २ (दुई) |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभवः**

क. **रोजगार संयोजकको हकमाः**

- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
- आधारभूत कम्प्यूटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

ख. **कार्यक्रम संयोजकको हकमाः**

- मानविकी तथा सामाजिक संकाय, व्यवस्थापन, कानुन वा सम्बन्धित अन्य विषयमा कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ५ वर्षको कार्याअनुभव, कम्तिमा २ वर्ष अधिकृत वा सो भन्दा माथिको पदमा रही काम गरेको, सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।
- दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ग. **रिटर्नी स्वयंसेवक (आंशिक)को हकमाः**

- न्यूनतम कक्षा १० उत्तीर्ण गरी वैदेशिक रोजगार (खाडी मुलुक र मलेसिया) मा गई कम्तीमा १ वर्ष काम गरेको अनुभव भएको । सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरेकोलाई प्राथमिकता दिईनेछ ।
- दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

२. **दरखास्त पेश गर्ने स्थानः** कपिलवस्तु नगरपालिका, नगर कार्यपालिकाको कार्यालय ।

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तौलिहवा , कपिलवस्तु
लुम्बिनी प्रदेश , नेपाल

प.सं. ०७९/८०
चलानी नं.

३. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०५/०५ गते कार्यालय समय भित्र ।

४. **आवेदन दस्तुरः** प्रशासन शाखाबाट आवेदन फाराम लिई विवरण भरी सकेपछी रोजगार संयोजक र कार्यक्रम संयोजकको लागि रु.१०००।- (एक हजार), रिटर्नी स्वयंसेवकको लागि रु ४००।- (चार सय) मात्र । दस्तुर बुझाएको भौचर आवेदनसाथ संलग्न गर्नुपर्नेछ।

५. **छनौटको किसिमः**
रोजगार संयोजकः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा ।
कार्यक्रम संयोजकः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा अन्तर्वार्ता ।
रिटर्नी स्वयंसेवकः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र अन्तर्वार्ता ।

६. **परीक्षाको मितिः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन सँगै गरिनेछ ।

७. **आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुः** क. नेपाली नागरिकताको प्रतिलिपि ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारीत्रिक प्रमाणपत्रको प्रतिलिपि ग. तालिमको प्रमाणपत्रको प्रतिलिपि घ. अनुभव भए सो को प्रमाणपत्रको प्रतिलिपि ङ. २ प्रति पासपोर्ट साईजको फोटो च. नेपाल बाहेक अन्य देशको शैक्षिक योग्यताको प्रमाणपत्र भए समकक्षता प्रमाणपत्र (आवेदक स्वयंले कागजात प्रमाणित गर्नुपर्नेछ।)

८. **सेवा सुविधाः** रोजगार संयोजकको हकमाः "रोजगार संयोजकको पदपूर्ती र सेवा सुविधा सम्बन्धी मापदण्ड - २०७६" बमोजिम हुनेछ । कार्यक्रम संयोजक र रिटर्नी स्वयंसेवक (आंशिक) को हकमाः "सुरक्षित आप्रवासन कार्यक्रम संचालन मार्गदर्शन,२०७९" बमोजिम हुनेछ ।

२०७९।४।२२
प्रमुख प्रशासकीय अधिकृत